बलेफी गाउँपालिका
བལེཕི་གཞུང་ཚོགས།
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८३/०८४
चलानी नं. : ३०५

बागमती प्रदेश, नेपाल

मिति :२०८३/०६/०७

विषय : शिक्षक आचारसंहिता पालना गर्ने/गराउने सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरू सबै,
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय एकाइ चौतारा, सिन्धुपाल्चोकको च.नं. १६० मिति २०८३/०६/०६ को प्राप्त पत्रानुसार पछिल्लो समयमा सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरू राजनीतिक दलको कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुने तथा शिक्षक आचारसंहिता पालना नगरेको विषय सामाजिक सञ्जाल एवं विभिन्न माध्यमबाट प्राप्त भएको भन्ने जानकारी आएकोमा यस बलेफी गाँउपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले प्रचलित शिक्षा ऐन, नियमावली तथा आचारसंहिताको पूर्ण रूपमा पालना गर्नु हुन अनुरोध छ। साथै शिक्षक आचारसंहिता तथा प्रचलित कानुन विपरीत हुने कुनै गतिविधि गरेको पाइएमा कानुनबमोजिम आवश्यक कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ।

.....
(अर्जुन कुमार राउत)
प्रमुख प्रशासकीय अधिकृत